# संघीय संसद
# राष्ट्रिय सभा

दोस्रो अधिवेशन

## बैठक संख्या - १६

## सूचना पत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल जेठ २७ गते आइतबार

**संघीय संसद, राष्ट्रिय सभाको दोस्रो अधिवेशनको सोह्रौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा दिनको २:२५ बजे प्रारम्भ भयो ।**

**सर्वप्रथम सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट निम्न बमोजिमको प्राप्त पत्रको व्यहोरा पढेर सुनाउनु भयो :**

**"सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा मिति २०७५/२/१८ गते देहाय बमोजिमको नियुक्ति र हेरफेर गरि मन्त्रिपरिषद् गठन गर्नु भएको व्यहोरा सादर अनुरोध गर्दछु ।**

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री के.पी. शर्मा ओली | प्रधानमन्त्री | |
| २. | श्री ईश्वर पोखरेल | उपप्रधानमन्त्री | रक्षा । |
| ३. | श्री उपेन्द्र यादव | उपप्रधानमन्त्री | स्वास्थ्य तथा जनसंख्या । |
| ४. | श्री रामबहादुर थापा | मन्त्री | गृह । |
| ५. | श्री प्रदीपकुमार ज्ञवाली | मन्त्री | परराष्ट्र । |
| ६. | श्री बर्षमान पुन | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाई । |
| ७. | श्री गिरिराजमणि पोखरेल | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि । |
| ८. | श्री मातृकाप्रसाद यादव | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति । |
| ९. | श्री रघुबीर महासेठ | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात । |
| १०. | श्री गोकर्ण विष्ट | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा । |
| ११. | श्री शक्तिबहादुर बस्नेत | मन्त्री | वन तथा वातावरण । |
| १२. | श्री मोहम्मद इश्तियाक राई | मन्त्री | सहरी विकास । |
| १३. | श्री लालबाबु पण्डित | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन । |
| १४. | श्री थममाया थापा | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक । |
| १५. | डा. युवराज खतिवडा | मन्त्री | अर्थ । |
| १६. | श्री जगतबहादुर सुनार (विश्वकर्मा) | मन्त्री | युवा तथा खेलकुद । |
| १७. | श्री रविन्द्रप्रसाद अधिकारी | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन । |
| १८. | श्री शेरबहादुर तामाङ | मन्त्री | कानुन, न्याय तथा संसदीय मामिला । |
| १९. | श्री चक्रपाणी खनाल | मन्त्री | कृषि, भूमि व्यवस्था तथा सहकारी । |
| २०. | श्री बीना मगर | मन्त्री | खानेपानी । |
| २१. | श्री गोकुलप्रसाद बाँस्कोटा | मन्त्री | सञ्चार तथा सूचना प्रविधि । |
| २२. | श्री पद्माकुमारी अर्याल | राज्यमन्त्री | स्वास्थ्य तथा जनसंख्या । |
| २३. | श्री धनबहादुर बुढा | राज्यमन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन । |
| २४. | श्री रामकुमारी चौधरी | राज्यमन्त्री | कृषि, भूमि व्यवस्था तथा सहकारी । |

मिति : २०७५/२/१८

(विनोद के.सी.)
सचिव"

**तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय गृहमन्त्री रामबहादुर थापालाई समसायिक विषयमा बोल्नको लागि समय उपलब्ध गराउनु भयो ।**

**यसपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली मस्यौदा समितिका सभापति माननीय सदस्य परशु राम मेघी गुरुङलाई "राष्ट्रिय सभा नियमावली, २०७५ को मस्यौदा प्रतिवेदन उपर प्राप्त संशोधनका प्रस्तावहरुमाथि छलफल गरी तयार गरिएको समितिको प्रतिवेदन, २०७५" पेश गर्न अनुमति दिनुभयो ।**

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली मस्यौदा समितिका सभापति माननीय सदस्य परशु राम मेघी गुरुङलाई "राष्ट्रिय सभा नियमावली, २०७५ को मस्यौदा प्रतिवेदन उपर प्राप्त संशोधनका प्रस्तावहरुमाथि छलफल गरी तयार गरिएको समितिको प्रतिवेदन, २०७५ लाई विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो ।

पेश गरेपछि सम्माननीय अध्यक्षले "राष्ट्रिय सभा नियमावली, २०७५ को मस्यौदा प्रतिवेदन उपर प्राप्त संशोधनका प्रस्तावहरुमाथि छलफल गरी तयार गरिएको समितिको प्रतिवेदन, २०७५" माथिको सैद्धान्तिक छलफल प्रारम्भ गर्दै निम्न बमोजिमका माननीय सदस्यहरुलाई बोल्न समय उपलब्ध गराउनु भयो ।

१. मा. दीनानाथ शर्मा
२. मा. सुरेन्द्र राज पाण्डे
३. मा. वृषेश चन्द्र लाल
४. मा. प्रमिला कुमारी

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली मस्यौदा समितिका माननीय सभापति परशु राम मेघी गुरुङलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनुभयो ।

यसपछि सम्माननीय अध्यक्षले "राष्ट्रिय सभा नियमावली, २०७५ को मस्यौदा प्रतिवेदन उपर प्राप्त संशोधनका प्रस्तावहरुमाथि छलफल गरी तयार गरिएको समितिको प्रतिवेदन, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "राष्ट्रिय सभा नियमावली, २०७५ को मस्यौदा प्रतिवेदन" को नियम २ देखि २३७ सम्म र अनुसूची १ देखि ७ सम्म "राष्ट्रिय सभा नियमावली, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मत रुपमा नियमावलीको अंग बनेको घोषणा गर्नु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "राष्ट्रिय सभा नियमावली, २०७५ को मस्यौदा प्रतिवेदन" को निम्न बमोजिमको प्रस्तावना र संक्षिप्त नाम र प्रारम्भ क्रमशः पढेर सुनाउनु भयो :

> "राष्ट्रिय सभा नियमावली, २०७५
>
> प्रस्तावना : नेपालको संविधानको धारा १०४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय सभाले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र समितिहरूको गठन, काम, कारबाही तथा सदन वा समितिको कार्यविधि नियमित गर्न यो नियमावली बनाएको छ ।
>
> संक्षिप्त नाम र प्रारम्भ : (१) यस नियमावलीको नाम "राष्ट्रिय सभा नियमावली, २०७५" रहेको छ ।
>
> (२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।"

यसपछि सम्माननीय अध्यक्षले नियमावलीको प्रस्तावना र संक्षिप्त नाम र प्रारम्भ "राष्ट्रिय सभा नियमावली, २०७५" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मत रुपमा अंग बनेको घोषणा गर्नु भयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली मस्यौदा समितिका मा. सभापति परशु राम मेघी गुरुङलाई "राष्ट्रिय सभा नियमावली, २०७५ लाई पारित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मतिले पारित भएको घोषणा गर्नु भयो ।

यसपछि सम्माननीय अध्यक्षले दुवै सदनको संयुक्त नियमावली सम्बन्धमा मिति २०७५ जेठ २८ गते सोमबार दिनको १:०० बजे संघीय संसदको दुबै सदनको संयुक्त बैठक बस्ने भएकोले राष्ट्रिय सभाका सम्पूर्ण माननीय सदस्यहरु उक्त दिन दिनको १:०० बजे प्रतिनिधि सभा बैठक कक्षमा उपस्थित हुनु भई आ-आफ्नो आसन ग्रहण गरिसक्नु हुन अनुरोध गर्नु भयो ।

तदन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक २०७५ साल असार ३ गते विहान ११:०० बजे बस्ने गरी आजको बैठक दिनको ३:२० बजे स्थगित भएको घोषणा गर्नु भयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव